नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

बाँके

☎०८१-५३०१८८
✉ cdonpj@gmail.com
www.daobanke.moha.gov.np

प.सं.- २०८२/८३(स्था.प्र.)

च.नं. ४४९६

मितिः २०८२/११/११

श्री स्थानीय तह सबै,

बाँके।

विषयः- आवश्यक समन्वय सम्बन्धमा।

प्रस्तुत विषयमा मिति २०८२/११/११ गते जिल्ला प्रशासन कार्यालय, बाँकेमा बसेको सर्वदलीय सर्वपक्षीय बैठकको निर्णय यसै पत्रसाथ संलग्न गरी पठाइएको छ। उक्त निर्णय कार्यान्वयनको लागि तहाँबाट समेत आवश्यक समन्वय गरिदिन हुन आदेशानुसार अनुरोध छ।

महेश कुमार गुरुङ
सहायक प्रमुख जिल्ला अधिकारी

कोहलपुर नगरपालिका
दर्ता नं ...
मिति ...
सही ...

<u>निर्णयहरु</u>

१. इस्लाम धर्मावलम्बीहरुको यस वर्षको रमजान महिना प्रारम्भ भईसकेकोले सो अवसरमा सम्पूर्ण इस्लाम समुदायलाई शुभकामना व्यक्त गर्ने।

२. हिन्दु समुदायले उल्लासपूर्वक मनाउने फागु पूर्णिमा (होली पर्व) नजिकिई रहेको सन्दर्भमा उक्त पर्वको समेत सम्बन्धित सवैमा शुभकामना व्यक्त गर्ने।

३. यस वर्षको तराई क्षेत्रमा मनाईने होली पर्व फाल्गुण २१ मा सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को मौन अवधि शुरु भईसके पछिको समयमा फाल्गुण १९ गते परेको हुनाले मौन अवधिको निर्वाचन आचार संहितालाई दृष्टिगत गरी घर, परिवार र आफन्तजनबीच मनाउन सबैलाई स्थानीय प्रशासनले अनुरोध गर्ने।

४. उल्लिखित दुवै पर्वहरु मनाउँदा वा पर्व अन्तर्गतका क्रियाकलापहरुको सन्देश प्रवाह गर्दा मिति २०८२ पौष २२ मा बसेको सद्भाव कायम गर्ने सम्बन्धी सर्वपक्षीय बैठकको निर्णय बमोजिम ध्वनी प्रदुषण नगर्न, नगराउन स्थानीय प्रशासनले सबैमा अनुरोध गर्ने।

५. फाल्गुण महिनामा हिन्दु परम्परा अनुसार हुने वैवाहिक तथा व्रतबन्धका कार्यक्रमहरु अत्याधिक हुने हुनाले त्यस्ता कार्यक्रमहरुको आयोजना गर्दा समेत ध्वनी प्रदुषण हुन नदिन सबैलाई स्थानीय प्रशासनले आव्हान गर्ने।

६. सबैले प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न निर्वाचन आयोगबाट जारी भएको आचार संहिता पालना गर्ने।

७. यस जिल्लाको विशिष्टतालाई दृष्टिगत गरी सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम गर्न सबैले जिम्मेवार भई सहयोग र योगदान गर्ने। साथै सबै स्थानीय तहहरुलाई सर्वदलीय, सर्वपक्षीय बैठक आयोजना गरी स्थानीय स्तरमा सद्भाव र सहिष्णुता कायम गर्न अनुरोध गर्ने।